# जनकपुरधाम उप-महानगरपालिका

जयनकरधामउँप-मठानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल

पत्र सङ्ख्या:०८२/०८३
चलानी नं. : ५६८३

मिति २०८२/१२/०२

**विषयः जानकारी सम्बन्धमा।**

श्री सम्पूर्ण सरोकारवालाहरू
ज.उ.म.न.पा.

प्रस्तुत विषयमा सडक डिभिजन जनकपुरधामको च.नं. ११६१ मिति २०८२।११।२७ गतेको पत्रानुसार राजधानी राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२।१०।२० मा प्रकाशित मुजेलिया-धनुषाधाम-धारापानी NH-30(राष्ट्रिय राजमार्ग)को मुजेलिया-धनुषाधाम-धारापानी सडक खण्डको सार्वजनिक सडक ऐन २०३१ वमोजिम केन्द्र रेखादेखि क्रमशः१५/१५ मिटर,१५/१५ मिटर,२५/२५ र १५/१५ मिटर दाँया - वाँया सडकको क्षेत्राधिकार भित्र सवारी पार्किङ्ग गरेको, व्यापारिक माल सामानहरू राखेको, निजि व्यवसायको विज्ञापन वोर्डहरू राखेको, निर्माण सामाग्रीहरू थुपारेको, सडक किनारामा खुद्रा व्यापार संचालन गरेको, अस्थायी संरचनाहरू निर्माण जस्ता विविध कार्यहरू गरी सडक अतिक्रमण गर्दा यातायात संचालन,ट्राफिक व्यवस्थापन तथा सडक प्रयोगकर्तालाई आवतजावत गर्न कठिनाई हुने गरेकोले उल्लिखित क्रियाकलापहरू नगर्नु/नगराउनु हुन तथा गरेको भए यो सुचना प्रकाशन भएको मितिले ३५(पैतीस) दिनभित्र हटाउन जानकारी गराईएकोमा उक्त अवधि भित्र खाली नगरेको पाइएको हुँदा सार्वजनिक सडक ऐन, २०३१को दफा १९ र २० वमोजिम उक्त क्षेत्रका अनधिकृत संरचनाहरु भत्काउने/हटाउने कार्य, क्षेत्र खाली गर्दा/गराउँदा लाग्ने सम्पूर्ण खर्च समेत सम्वन्धित व्यक्ति वा संस्थाबाट सरकारी बाँकी सरह असुल-उपर गरिने गरी अघि वढाउने भएकोले सम्पूर्ण सरोकारवालाहरूलाई जानकारीको लागि अनुरोध छ।

.............................
वरिष्ठ उप-सचिव दशौं तह

"धार्मिक, सांस्कृतिक, पर्यटकीय समृद्ध नगर जनकपुरधाम"

Website: janakpurmun.gov.np
Email: janakpursmc@gmail.com

CamScanner